बागमती प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०७९/८०
चलानी नम्बर :- १२२३

मितिः- २०७९/१०/१८

विषय: निर्णय पठाईएको सम्बन्धमा।

श्री स्वास्थ्य कार्यालय (१३ वटै),
श्री जिल्ला अस्पताल (१३ वटै),
श्री जिल्ला आयुर्वेद केन्द्र (१३ वटै),
बागमती प्रदेश, नेपाल

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७९ पौष महिना १९ र २० गते संचालित "मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम: नसर्ने रोगको पहिचानका लागि परिक्षण र परामर्श "सम्बन्धि दुई दिने अभिमुखिकरण कार्यक्रमको निर्णय कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

डा. रबिन भुषाल
आयुर्वेद चिकित्सक

<u>बोधार्थः-</u>
श्री स्वास्थ्य निर्देशनालय, बागमती प्रदेश, ।
श्री स्वास्थ्य आपूर्ति केन्द्र , बागमती प्रदेश, ।
श्री स्वास्थ्य जनस्वास्थ्य प्रयोगशाला, बागमती प्रदेश, ।
श्री आयुर्वेद औषधी उत्पादन केन्द्र बागमती प्रदेश, ।
श्री स्वास्थ्य तालिम केन्द्र, बागमती प्रदेश ।

फोन नं. ०५७-५९०३९५, ५९०३९४, ५९०३९३, ५९०३९३, ५९०३९१
इमेल: moh@bagamati.gov.np

मिति २०७९ साल ०९ महिना १९ र २० गते स्वास्थ्य मन्त्रालयका सचिब श्री बद्री बहादुर खड्काको अध्यक्षतामा होटेल स्मारक हेटौंडामा स्वास्थ्य मन्त्रालय तथा मातहतका कार्यालयबिच सम्पन्न "मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमः नसर्ने रोगको पहिचानका लागि परिक्षण र परामर्श" सम्बन्धि दुई दिने अभिमुखिकरण कार्यक्रममा निम्न बिषयहरुमा छलफल गरी निर्णय गरियो।

निर्णयहरु

- मुख्यमन्त्री जनता स्वास्थ्य बागमती प्रदेशभित्र स्थायी बसोबास भएका ३० बर्ष वा सोभन्दा माथि उमेर समुहका नागरिकहरु लक्षित समूह हुने।
- जिल्ला अस्पताल/ प्रादेशिक अस्पतालहरुको हकमा निम्न मध्ये लक्षित समूह राखिने निर्णय गरियोः

  -स्थानीय तहका आधारभूत स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा अन्य तोकिएका स्वास्थ्य संस्थाहरुबाट प्रेषण भएर आएका व्यक्तिहरु

  -स्वास्थ्य कार्यालय, स्थानीय तह, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट नसर्ने रोगका स्क्रीनिंग कार्यक्रम गर्दा देखेका लक्षित वर्ग

  -अस्पताल वा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुले कार्यक्रमको बजेटको परिधि भित्र रहि आफैले निर्धारण गर्ने लक्षित वर्ग
- स्वास्थ्य संस्थाले आफ्नो जनशक्ति, भौतिक पुर्बधार र भौगोलिक अवस्थालाई मध्य नजर गर्दै कम्तिमा महिनाको एक पटक स्वस्थ ब्यक्तिहरुको परिक्षण र परामर्श सेवा प्रदान गर्न निश्चित स्थान/ गते तय गर्ने र सो को प्रचार प्रसार समेत गरी सेवा प्रदान गर्ने।
- बागमती प्रदेशका स्थानीय तहहरुले रिपोर्टिंग र रेकोर्डिंग मन्त्रालयद्वारा तयार पारिएको ढाँचामा भर्ने र सो रिपोर्ट मासिक/चौमासिक रूपमा स्वास्थ्य कार्यालयहरुमा पेश गरी प्रति केस रु.५ को सोधभर्ना माग गर्ने र स्वास्थ्य कार्यालयहरुबाट इ-कपी र हार्ड कपी प्राप्त भएपछि सिफारिस अनुसार सोधभर्ना उपलब्ध गराउने।
- स्वास्थ्य मन्त्रालय तथा मातहतको कार्यालयले आर्थिक बर्षमा स्वीकृत कार्यक्रममा समावेश भएको विभिन्न नसर्ने रोगको रोकथाम तथा स्वास्थ्य प्रवर्धन कार्यक्रमहरु मुख्यमन्त्री जनस्वास्थ्य कार्यक्रमहरुसंग लक्ष्य प्राप्ति गर्न सहयोग पुर्याउने गरि कार्यक्रम चलाउने।

बद्री बहादुर खड्का
सचिव

- स्थानीय तह, स्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रद्वारा मन्त्रालयले उपलब्ध गराएको ढाँचा अनुरुपको रेजिस्टर/कार्ड मार्फत विवरण भर्ने। जिल्ला अस्पतालहरुद्वारा सफ्टवेअरको माध्यमबाट सेवाग्राहीको सम्पूर्ण विवरण नियमित रुपमा अपडेट गर्ने।
- काठमाडौं, ललितपुर र भक्तपुरमा शहरी स्वास्थ्य केन्द्र/ आधारभूत स्वास्थ्य सेवा केन्द्र/ नगर स्वास्थ्य केन्द्रबाट पनि मुख्यमन्त्री जनस्वास्थ्य कार्यक्रम संचालन गर्न मिल्ने निर्णय गरियो र सोको लागि सम्बन्धित स्वास्थ्य कार्यालयहरुले सिफारिस गरी मन्त्रालय पठाउने।
- स्वास्थ्य विमा कार्यक्रमसंग दोहोरोपन नहुनेगरी सेवा प्रदान गर्ने ।
- कार्यक्रमलाई आउने दिनहरुमा आवश्यक मूल्यांकन, सुझाव अनुसार व्यवस्थापन मिलाउदै अगाडी बढ्ने र आवश्यक सहयोग गर्ने निर्णय गरियो।

बद्री बहादुर खड्का
सचिव